नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति-२०७४/०१/३१

## प्रेस विज्ञप्ति

स्थानीय तह निर्वाचनको पहिलो चरणअन्तर्गत आज २०७४ साल वैशाख ३१ गते प्रदेश नं३ ४ र ६ का ३४ जिल्लाका २८३ स्थानीय निकायको निर्वाचन दोलखा र कालिकोटका एक एक मतदान केन्द्रमा घटेका घटना बाहेक शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ । संविधान कार्यान्वयनको कोसेढुङ्गाको रुपमा रहेको स्थानीय तहको यो निर्वाचनमा आम मतदाताको उत्साहपूर्णसहभागिता रह्यो। आज भएको निर्वाचनमा ७०% भन्दा बढी मतदाताले मतदान गरेको प्रारम्भिक जानकारी प्राप्त भएको छ ।

स्थानीय तहको निर्वाचन २०७४ लाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सुरक्षा योजना निर्माण गरी प्रभावकारी र समन्वयात्मक रुपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मीहरुको परिचालन व्यवस्था मिलाइएको थियो । निर्वाचनको क्रममा भरपर्दो र विश्वसनीय सुरक्षा व्यवस्था मिलाइएको कारण जनताले पूर्ण सुरक्षाको अनुभूतिका साथ निर्भिकतापूर्वक स्वतन्त्र वातावरणमा मतदान गर्ने आ-आफ्नो संवैधानिक हक अधिकार प्रयोग गरेका थिए ।

आज भएको निर्वाचनको क्रममा दोलखा जिल्लाको मेलुङ गा.पा. वडा नं. १ पवटीस्थित सत्येश्वर मा.वि, मतदानकेन्द्रमा सर्वसाधारण जनता मतदान प्रक्रियामा सहभागी भइरहेको अवस्थामा अन्दाजी २००/२५० को संख्यामा आएको समूह जवर्जस्ती मतदानकेन्द्रमा प्रवेश गरी मतदानस्थल तोडफोड गर्न थालेपछि सुरक्षाकर्मीतर्फबाट सो नगर्न सम्झाई बुझाई गरिरहँदा पनि हुल झन् अनियन्त्रित बन्दै मतपेटिका तोडफोड गर्ने, निर्वाचन सामग्री खोस्ने कार्य गर्दै निर्वाचनमा संलग्न कर्मचारी एवं सुरक्षाकर्मी माथि नै आक्रमण गर्न अघि बढेको अवस्थामा छेक्ने क्रममा दर्जनौ हवाई फायर गर्दा पनि भीड झन्-झन् आक्रमक बनी आएको र तत्काल नरोकेमा ठूलो हताहति हुने देखिएकोले आत्मरक्षाको लागि गोली चलाउँदा नकुल भन्ने डम्वर बहादुर भुजेलको दुखद मृत्यु भएको र अन्य ४जना घाइते भएका छन् ।

त्यसैगरी विवादका कारण काभ्रे- नमोवुद्ध न.पा. ४ जनक मा.वि, दोलखा - मेलुङ गा.पा. पवटी, कालिकोट - कालिका गा.पा. २ बालाचौर आ.वि, तोलीमा निर्वाचन आज स्थगित भएको छभने कालिकोट जिल्लाको

नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

नरहरिनाथ गा.पा.को नन्दादेवी मा.वि.मलकोट मतदानस्थलको निर्वाचन सम्पन्न भए पश्चात मतगणानास्थलतर्फ मतपेटिका ल्याउँदै गर्दा ने.क.पा.(विप्लव) समूहले मतपेटिका खोसी लगेको भन्ने सूचना प्राप्त भएको छ ।

विभिन्न स्थानीय तहका ८ वटा मतदानकेन्द्रमा निर्वाचन केही समय रोकिएकोमा सहमति कायम गरी पुनः निर्वाचन संचालन गरी सम्पन्न भएको छ । स्थगन भएका निर्वाचन केन्द्रको पुनः निर्वाचन गर्नका निमित्त भरपर्दो सुरक्षा मिलाइएको छ ।

यस क्रममा हालसम्म १५ जना घाइते भएका छन् । गम्भीर घाइतेलाई हेलिकप्टरबाट काठमाडौं ल्याई उपचारको व्यवस्था मिलाइएको छ भने सामान्य घाइतेलाई जिल्ला स्थित अस्पताल र स्वास्थ्य चौकीमै उपचारको व्यवस्था मिलाइएको छ ।

यसैबीच हिजो ३० गते काभ्रेपलान्चोक जिल्लाको नमोबुद्ध न.पा. ४ मेथिनकोट स्थित ऐ.ऐ. बस्ने अन्दाजी वर्ष २८ को नवराज पाठकलाई गोली लागि घाइते भएपश्चात तत्काल उपचारका लागि धुलीखेल अस्पतालमा लगिएको र उपचाररत रहेको अवस्थामा निजको दुःखद मृत्यु भएको छ । उक्त घटनाको छानबिन गर्न नेपाल सरकारबाट उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने, पीडित परिवारलाई १० लाख क्षतिपूर्ति दिने, मृतकका सन्ततिलाई निःशुल्क पठन पाठनको व्यवस्था मिलाउने र मृतकको धर्मपत्नीलाई रोजगारी दिलाउन नेपाल सरकारले निर्णय गरिसकेको छ । साथै उक्त घटनाको छानविन गरी दोषीमाथि नियमानुसार कानूनी कारवाही गरिनेछ ।

अन्त्यमा आजको निर्वाचनको सफलताबाट संविधान कार्यान्वयन गर्दै परिवर्तन पछि नेपाली जनताले प्राप्त गरेको हक अधिकार संस्थागत गर्ने दिशामा महत्वपूर्ण उपलब्धि हासिल भएको छ । अतः यस प्रक्रियामा संलग्न आम नेपाली नागरिक, सम्पूर्ण मतदाता, उम्मेदवार, राजनीतिक दलका नेता तथा कार्यकर्ता, निर्वाचनमा संलग्न राष्ट्रसेवक कर्मचारी, चारवटै सुरक्षा निकायका सुरक्षाकर्मीहरु, संचारकर्मी, पर्यवेक्षक र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग एवं योगदान गर्नुहुने सबैप्रति गृह मन्त्रालय हार्दिक आभार प्रकट गर्दछ । साथै दोस्रो चरणको निर्वाचनको क्रममा र मुलुकमा शान्ति सुरक्षा एवं अमनचयन कायम राख्ने कार्यमा सबैको सकारात्मक भूमिका र सहयोगका निमित्त गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

(बालकृष्ण पन्थी)

प्रवक्ता